नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
# नेपाल स्काउट
राष्ट्रिय प्रधान कार्यालय

पत्र संख्याः ०८०/०८१
चलानी नं.: ३६३

## नेपाल स्काउट निर्वाचन सम्बन्धमा अत्यन्त जरुरी सुचना

आज मिति २०८० पौष २३ गते सोमबारका दिन नेपाल स्काउट ऐन २०५० को दफा ८ बमोजिम नेपाल स्काउटका प्रमुख स्काउट एवं राष्ट्रिय परिषद्का अध्यक्ष माननिय युवा तथा खेलकुद मन्त्री श्री डिग बहादुर लिम्बुज्युको अध्यक्षतामा बसेको नेपाल स्काउट राष्ट्रिय परिषद्को बैठकले ***"हाल प्रक्रियामा रहेको नेपाल स्काउटको निर्वाचन सम्बन्धमा परेको गुनासो र उजुरीहरुलाई दृष्टीगत गरि राष्ट्रिय तदर्थ समिति द्वारा घोषणा गरिएको निर्वाचन स्थगित गर्न निर्देशन दिने र नेपाल स्काउट निर्वाचन निर्देशिका २०७८ लाई सार्वजनीक सुझाव समेत लिई संसोधन गरि ३५ दिन भित्र निर्वाचन सम्पन्न गर्ने व्यवस्था मिलाई राष्ट्रिय परिषद्लाई जानकारी गराउन नेपाल स्काउट ऐन २०५० को दफा ८ (१) को 'ख' बमोजिम नेपाल स्काउट राष्ट्रिय तदर्थ समिति तथा राष्ट्रिय प्रधान कार्यालयलाई निर्देशन दिने"*** भनि निर्णय भएको हुँदा, नेपाल स्काउट स्थानिय परिषद् सदस्य निर्वाचनका लागि मिति २०८० पौष २२ गते मनोनयन दर्ता गराएका उम्मेद्वारहरु यथावत रहने र OMRS पोर्टलमा दर्ता भएका मतदाता तथा सदस्यहरु पनि यथावत कायम रहने जानकारी गराइन्छ । साथै पुर्वनिर्धारित निर्वाचन सम्बन्धी अन्य कार्यक्रमहरुको मिति पुननिर्धारण गर्ने गरि आगामि मिति २०८० माघ २८ गते भित्रमा निर्वाचनका सम्पुर्ण कार्यक्रमहरु सम्पन्न गर्ने गरि हालका लागि मतदाता नामावलीमा छुट भएका स्काउटरहरुको हकमा नाम दर्ता तथा नविकरण गर्न पुनः आहवान गरिएको छ, जसका लागि युनिट दर्ता गर्न नेपाल स्काउट सदस्यता दर्ता पोर्टल OMRS आज मिति २०८० पौष २३ गते देखी खुल्ला भई मिति २०८० माघ ०८ गते दिनको ०५ बजे बन्द हुने व्यहोरा सुचित गरिन्छ । साथै निर्वाचन निर्देशिका संसोधनका लागि आबश्यक सुझाव संकलनका गर्न आगामी मिति २०८० पौष २७ गते बिहान ११ बजे नेपाल स्काउट राष्ट्रिय प्रधान कार्यालयमा सुझाव संकलन गोष्ठी आयोजना गर्ने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गरिन्छ ।

निर्वाचनका अन्य कार्यक्रमहरु निर्वाचन समितिले प्रकाशित गर्ने व्यहोरा समेत सुचित गरिन्छ ।

मिति २०८० पौष २३

२०८०/०९/२३

रामप्रसाद भट्टराई
निर्देशक

पो.ब.नं. १०३७, लैनचौर, काठमाडौं, नेपाल, फोन नं.: ४४२५७६२, ४४१९००१, ४४१९०९७
फ्याक्सः ९७७-१-४४१३३६९, ईमेलः info@nepalscouts.org, वेवसाइटः www.nepalscouts.org